**प्रस्तावहरुः**

१. गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा।
२. गुठिचौर गाउँपालिकाको आर्थिक ऐन, २०८० सम्बन्धमा।
३. गुठिचौर गाउँपालिकाको विनियोजन ऐन, २०८० सम्बन्धमा।
४. निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी , स्लेट, माटो आदी ) उत्खनन् उत्पादन तथा प्रशोधन कार्य गर्न बनेको कार्यविधि, २०८० सम्बन्धमा।
५. मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० सम्बन्धमा।

निर्णय नं १: प्रस्ताव नं १ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाका उपाध्यक्ष तथा नीति तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री शान्ति कुमारी मल्ल भण्डारी ज्यूबाट यस गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभामा पेश हुन आएको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम र बजेट सर्वसम्मत रुपमा स्वीकृत गरियो।

निर्णय नं २: प्रस्ताव नं २ मा छलफल गर्दा यस गुठिचौर गउँपालिका वडा नं ४ का वडा अध्यक्ष तथा यस सम्मानित गाउँसभा सदस्य श्री टिकादत्त न्यौपने ज्यूले गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० र वडा नं ४ र ५ को वडा विभाजन सम्बन्धी निर्णय सर्वसम्मत रुपमा स्वीकृत गरियो।

निर्णय नं ३: प्रस्ताव नं ३ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष तथा यस सम्मानित गाउँसभाका सदस्य श्री इन्द्र बुढा ज्यूले यस गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभामा पेश गर्नु भएको विनियोजन ऐन, २०८० सर्वसम्मत रुपमा स्वीकृत गरियो।

निर्णय नं ४: प्रस्ताव नं ४ मा छलफल गर्दा गुठिचौर गाउँपालिका वडा नं १ का वडा अध्यक्ष तथा सम्मानित गाउँसभा सदस्य श्री अर्जुन कुमार महतारा ज्यूले यस गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभामा पेश हुन आएको गुठिचौर गाउँपालिकाको निर्माणजन्य पदार्थ (ढुङ्गा, वालुवा, गिट्टी , स्लेट, माटो आदी ) उत्खनन् उत्पादन तथा प्रशोधन कार्य गर्न बनेको कार्यविधि, २०८० सर्वसम्मत रुपमा स्वीकृत गरियो।

निर्णय नं ५: प्रस्ताव नं ५ मा छलफल गर्दा गुठिचौर गाउँपालिका गाउँ कार्यपालिका सदस्य तथा यस सम्मानित गाउँसभा सदस्य श्री देउराम नेपाली ज्यूले यस गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभामा पेश हुन आएको गुठिचौर गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सर्वसम्मत रुपमा स्वीकृत गरियो।

निर्णय नं ६ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको न्यायिक समितिबाट आर्थिक वर्ष २०७९।०८० मा हालसम्म सम्पादन भएका कामकाजहरुको विवरण सहितको प्रतिवेदन यस गुठिचौर गाउँपालिकाको १५ औं गाउँसभामा पेश हुन आएकोले गाउँसभा अध्यक्ष ज्यूबाट वाचन गरि सभालाई जनकारी गराइयो।